# आकाशवाणी

मुख्य समाचार

- उपराष्ट्रपति राधाकृष्णनद्वारा 'राष्ट्र प्रथम' र विकसित भारत–२०४७ मा जोड ।।
- प्रधानमन्त्री मोदीद्वारा यूपीआईको विश्वव्यापी सफलताको प्रशंसा।।
- नितिन गडकरीद्वारा गोवामा पोरवोरिम एलिभेटेड करिडोर उद्घाटन।।
- रक्षामन्त्री राजनाथ सिंहद्वारा श्रीलंकाली राष्ट्रपतिसँग भेटवार्ता।।

- वाराणसीमा नवौँ राष्ट्रिय पोषण महिनाको शुभारम्भ।।

<u>उपराष्ट्रपति सी.पी. राधाकृष्णन</u>

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले आज इटानगरमा अरुणाचल प्रदेश विधानसभाको विशेष अधिवेशनलाई सम्बोधन गर्नुभएको छ। उहाँले विधायकहरूलाई लोकतन्त्रका उच्च परम्परा कायम राख्दै राज्य र राष्ट्रको विकासका लागि काम गर्न आग्रह गर्नुभएको छ।

उहाँले 'राष्ट्र प्रथम' र 'विकसित भारत–२०४७' को लक्ष्यलाई विधायिकाको कामको मार्गदर्शक बनाउनुपर्ने बताउनुभयो। बहस, छलफल र संवादले लोकतन्त्रलाई बलियो बनाउने उल्लेख गर्दै उहाँले हरेक बहस र छलफल अन्ततः निर्णयमा पुग्नुपर्नेमा जोड दिनुभयो।

उपराष्ट्रपतिले अरुणाचल प्रदेशको विकास भारतको समग्र विकास र सुरक्षासँग जोडिएको बताउँदै राज्यको जलविद्युत् क्षमताको जिम्मेवार उपयोगबाट राजस्व वृद्धि र विकासलाई गति दिन सकिने उल्लेख गर्नुभयो। साथै, विकाससँगै वातावरण संरक्षण र आदिवासी तथा सीमान्तकृत समुदायको हितमा ध्यान दिनुपर्ने बताउनुभयो।

<u>प्रधानमन्त्री नरेन्द्र मोदी</u>

प्रधानमन्त्री नरेन्द्र मोदीले भारतको फिनटेक क्षेत्रमा भएको प्रगतिमा युनिफाइड पेमेन्ट्स इन्टरफेस–यूपीआईको महत्वपूर्ण भूमिका रहेको बताउनुभएको छ। मुम्बईमा 'ग्लोबल फिनटेक फेस्ट २०२६' को उद्घाटन गर्दै उहाँले यूपीआई वित्तीय समावेशीकरणको प्रभावकारी माध्यम बनेको उल्लेख गर्नुभयो।

प्रधानमन्त्रीका अनुसार अगस्ट महिनामा मात्रै यूपीआईमार्फत २४ अर्बभन्दा बढी कारोबार भएका छन्। उहाँले यूपीआई अहिले ११ देशमा सञ्चालनमा रहेको जानकारी दिनुभयो।

प्रधानमन्त्री मोदीले अन्तर्राष्ट्रिय डिजिटल भुक्तानीलाई थप सहज बनाउन साझेदार देशका घरेलु भुक्तानी प्रणालीसँग यूपीआई जोड्नुपर्नेमा जोड दिनुभयो। उहाँले यसबाट विदेशमा रहेका भारतीयहरूले कम लागतमा छिटो रकम स्वदेश पठाउन सक्ने बताउनुभयो।

मन्त्री नितिन गडकरी

केन्द्रीय सडक परिवहन तथा राजमार्ग मन्त्री नितिन गडकरीले आज गोवामा पोरवोरिम एलिभेटेड करिडोरको उद्घाटन गर्नुहुनेछ। राष्ट्रिय राजमार्ग–६६ मा निर्मित यो ६ लेनको करिडोर पाँच किलोमिटरभन्दा लामो छ र करिब ६ सय ४१ करोड रुपैयाँको लागतमा निर्माण गरिएको हो।

यस करिडोर सञ्चालनमा आएपछि पणजी र गोवाको उत्तरी क्षेत्रबीच आवागमन सहज हुनुका साथै यातायातको चाप कम हुने अपेक्षा गरिएको छ। करिडोर आगामी ११ सेप्टेम्बरदेखि सवारीसाधनका लागि खुला गरिनेछ।

रक्षामन्त्री राजनाथ सिंह

रक्षामन्त्री राजनाथ सिंहले आज कोलम्बोमा श्रीलंकाका राष्ट्रपति अनुराकुमार दिसानायकेसँग भेटवार्ता गर्नुभएको छ। भेटमा दुवै पक्षले दुई देशका जनताको हित र विकासका लागि मिलेर काम गर्ने प्रतिबद्धता दोहोऱ्याएका छन्।

दुवै नेताले क्षेत्रीय सुरक्षा, शान्ति र समृद्धिका विषयमा छलफल गर्नुभयो। उहाँहरूले भारत र श्रीलंका नजिकका छिमेकी तथा समुद्री साझेदारका रूपमा सहकार्यलाई निरन्तरता दिने बताउनुभयो।

रक्षामन्त्री सिंह हिजो श्रीलंका पुग्नुभएको हो। उहाँको तीनदिने भ्रमणको उद्देश्य दुई देशबीच रक्षा तथा समुद्री सहकार्यलाई थप सुदृढ बनाउनु रहेको छ।

राष्ट्रिय पोषण महिना

वाराणसीमा आज नवौँ राष्ट्रिय पोषण महिनाको शुभारम्भ गरिएको छ। उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ र केन्द्रीय महिला तथा बाल विकासमन्त्री अन्नपूर्णा देवीले दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गर्नुभयो।

मन्त्री अन्नपूर्णा देवीले स्वस्थ र समृद्ध भारतका लागि सन्तुलित पोषण आवश्यक रहेको बताउनुभयो। मुख्यमन्त्री योगी आदित्यनाथले बालबालिका, गर्भवती महिला र स्तनपान गराउने आमाको पोषणलाई सरकारले प्राथमिकता दिएको उल्लेख गर्नुभयो।

कार्यक्रममा पोषण मेला तथा आँगनवाडी कार्यकर्तासँग अन्तरक्रिया पनि गरिएको थियो।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ

<u>मन्त्री अश्विनी वैष्णव</u>

केन्द्रीय मन्त्रिपरिषद्ले आज सातवटा उच्च घनत्व रेलमार्गलाई चार लेनमा विस्तार गर्ने प्रस्तावलाई स्वीकृति दिएको छ। यसमा दिल्ली–मुम्बई, मुम्बई–चेन्नई, चेन्नई–कोलकाता र कोलकाता–दिल्ली रेलमार्ग समावेश छन्।

नयाँ दिल्लीमा मन्त्रिपरिषद्को बैठकपछि सूचना तथा प्रसारणमन्त्री अश्विनी वैष्णवले यी सातवटा करिडोरबाट भारतीय रेलको करिब ४० प्रतिशत यातायात सञ्चालन हुने बताउनुभयो।

उहाँले थप भन्नुभयो

मन्त्रिपरिषद्ले १० हजार ७ सय करोड रुपैयाँभन्दा बढी लागतका तीनवटा बहु-रेलमार्ग परियोजनालाई पनि स्वीकृति दिएको छ। यसले रेल सञ्चालनलाई थप सहज बनाउनुका साथै भीडभाड कम गर्न र सेवा विश्वसनीयता बढाउन मद्दत गर्नेछ।

<u>२७औँ राष्ट्रिय युवा संसद</u>

जवाहर नवोदय विद्यालयका लागि २७औँ राष्ट्रिय युवा संसद प्रतियोगिता २०२५–२६ को पुरस्कार वितरण समारोह भोलि नयाँ दिल्लीस्थित संसद भवन परिसरमा आयोजना हुँदैछ।

संसदीय मामिलामन्त्री किरेन रिजिजुले समारोहको अध्यक्षता गर्दै प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थी तथा विद्यालयलाई पुरस्कार प्रदान गर्नुहुनेछ।

संसदीय मामिला मन्त्रालयले विगत ३० वर्षदेखि जवाहर नवोदय विद्यालयहरूमा युवा संसद प्रतियोगिता आयोजना गर्दै आएको छ। यस वर्षको प्रतियोगितामा देशभरका नवोदय विद्यालय समितिका ८ क्षेत्रमा रहेका १०० विद्यालय सहभागी भएका थिए।

ब्रिक्स

ब्रिक्स शिखर सम्मेलनअघि ब्रिक्सका अर्थमन्त्री तथा केन्द्रीय बैंकका गभर्नरहरूको अन्तिम बैठक आजदेखि मुम्बईमा सुरु हुँदैछ। दुईदिने बैठक सेप्टेम्बर ९ र १० मा हुँदैछ।

यस वर्षको ब्रिक्स वित्तीय कार्यसमूहको विषय "लचिलोपन, नवप्रवर्तन, सहकार्य र दिगोपनका लागि निर्माण" रहेको छ।

यसअघि अर्थमन्त्री तथा गभर्नरहरूको बैठक गत महिना जयपुरमा भएको थियो। केन्द्रीय अर्थमन्त्री निर्मला सीतारमणले मुम्बई बैठकअघि ब्रिक्स वित्तीय कार्यसमूहका प्रमुख उपलब्धिहरूको समीक्षा गर्नुभएको थियो।

भारतीय जनता पार्टी

भारतीय जनता पार्टीले प्रधानमन्त्री नरेन्द्र मोदीको सार्वजनिक जीवनको २५ वर्ष पूरा भएको अवसरमा यही महिनाको १७ तारिखदेखि एक महिनासम्म 'सेवा संकल्प अभियान' सञ्चालन गर्ने भएको छ।

भाजपा अध्यक्ष नितिन नवीनले आज नयाँ दिल्लीमा पत्रकार सम्मेलनमा प्रधानमन्त्री मोदीले आगामी ७ अक्टोबरमा सार्वजनिक सेवाको २५ वर्ष पूरा गर्नुहुने बताउनुभयो। उहाँले सन् २००१ को ७ अक्टोबरमा मोदीले गुजरातको मुख्यमन्त्रीका रूपमा कार्यभार सम्हाल्नुभएको उल्लेख गर्नुभयो।

भाजपा अध्यक्षले प्रधानमन्त्री मोदीको नेतृत्वमा भारतले विकाससँगै आफ्नो सांस्कृतिक पहिचान र सम्पदालाई पनि थप सुदृढ बनाएको बताउनुभयो ।

नेपाल

नेपालमा आएको विनाशकारी आकस्मिक बाढीका कारण मृत्यु हुनेको संख्या १ हजार ३ सय ६५ पुगेको छ। प्रभावित क्षेत्रमा उद्धार तथा खोजी कार्य जारी रहेको छ।

नेपाल सरकारका अनुसार ५ हजार ३ सय २६ जना अझै बेपत्ता छन्, जसमा कम्तीमा ५ सय ८९ जना विदेशी नागरिक रहेका छन्। चितवनबाट ३ सय ६३, नवलपरासी पूर्वबाट २ सय २६, नवलपरासी पश्चिमबाट २ सय २२ तथा नुवाकोटबाट १ सय ९७ शव फेला परेका छन्।

यसैगरी रसुवाबाट १ सय ७४, गोरखाबाट ७५, धादिङबाट ७० र तनहुँबाट ३८ शव फेला परेका छन्। हालसम्म पहिचान प्रक्रिया पूरा गरी १ सय २ शव परिवारलाई बुझाइएको छ।

पहिचान हुन नसकेका १ हजार १ सय ४७ शवबाट डीएनए नमुना संकलन गरी निर्धारित प्रक्रियाअनुसार सुरक्षित राखिएको छ। अगस्ट २६ मा नेपाल–तिब्बत सीमाना नजिक हिमपहिरोपछि आएको बाढीले उत्तरी तथा मध्य नेपालका विभिन्न क्षेत्र प्रभावित बनाएको थियो।

भारतीय मौसम विभाग

भारतीय मौसम विभागले बिहार, झारखण्ड, ओडिशा, पश्चिम बंगाल तथा पूर्वोत्तर भारतका केही क्षेत्रमा भोलिसम्म भारी वर्षाको सम्भावना रहेको जनाएको छ।

विभागका अनुसार उत्तराखण्ड, आन्ध्र प्रदेश, तमिलनाडु, पुदुच्चेरी, तथा अण्डमान–निकोबारमा आगामी दुई दिनसम्म मेघगर्जन र चट्याङको अवस्था रहनेछ।

वर्ल्ड आर्चरी प्यारा सिरिज

अहमदाबादमा सम्पन्न वर्ल्ड आर्चरी प्यारा सिरिज स्टेज–३ मा भारतले दुई स्वर्ण र चार कांस्यसहित ६ पदक जित्दै प्रतियोगिता समाप्त गरेको छ।

विश्व नम्बर एक तथा विश्व च्याम्पियन शीतल देवीले प्यारा कम्पाउन्ड महिला व्यक्तिगत स्पर्धामा स्वर्ण जितिन्। पारालिम्पिक पदक विजेता हरविन्दर सिंहले भावना देवीसँग मिलेर प्यारा रिकर्भ मिश्रित टोली स्पर्धामा स्वर्ण जिते।

यसैगरी भावनाले महिला रिकर्भ व्यक्तिगतमा कांस्य जितिन्। सरिता र तोमन कुमारले पनि आ–आफ्नो स्पर्धामा कांस्य पदक जित्दै भारतको पदक संख्या ६ पुऱ्याए।

मुख्य समाचार फेरि एकपल्ट

- उपराष्ट्रपति राधाकृष्णनद्वारा ‘राष्ट्र प्रथम’ र विकसित भारत–२०४७ मा जोड ।।
- प्रधानमन्त्री मोदीद्वारा यूपीआईको विश्वव्यापी सफलताको प्रशंसा।।
- नितिन गडकरीद्वारा गोवामा पोरवोरिम एलिभेटेड करिडोर उद्घाटन।।
- रक्षामन्त्री राजनाथ सिंहद्वारा श्रीलंकाली राष्ट्रपतिसँग भेटवार्ता।।
- वाराणसीमा नवौँ राष्ट्रिय पोषण महिनाको शुभारम्भ।।